# रसिलो जीवन

चन्द्रकान्त आचार्य

बैंकको त्यस कोठामा अनुप धेरैपटक गएका थिए र आज पनि उनी त्यहाा गएर सधैंजस्तै आफ्नो काम हुनुपर्ने कर्मचारीको अगाडि उभिन पुगे । त्यस ठूलो कोठामा वरिपरि धेरै टेबुल थिए र आ-आफ्नो टेबुलमा काम गरिरहेका कर्मचारीहरु सबै व्यस्त देखिन्थे । अनुपले कुरा गर्न खोजेका मानिसले उनलाई हेर्न पनि भ्याएका थिएनन् कि छेउाको टेबुलकी महिलाले ‘सर, यता बसौं’ भन्दै आफ्नो अगाडिको सिटतिर इसारा गरिन् । सम्बन्धित कर्मचारी व्यस्त भएकाले एकछिन कुर्नुपर्ने आशयले उनले बस्न भेनिकी होलिन् भन्ने सम्झेर अनुप इसारा गरिएको ठाउामा बसे र आफ्नो कुरा भन्न हतार गरेनन् ।

‘सरको कागज तयार भएको छ, चार सय साठी नम्बर हेरौं त !’ भन्दै अचानक ती महिलाले सम्बन्धित कर्मचारीलाई भनेको सुन्दा अनुप झसंग भए र उनीतिर दृष्टि दिए । उनले ती कर्मचारीलाई काम छिटो होस् भनेर अराइरहेकी र आफ्नो नम्बरसमेत उनलाई कसरी थाहा भयो होला भन्ने सोच्दै अनुप अचम्म परे । यत्तिकैमा फाइल ल्याइरहेका ती कर्मचारीले अनुपसाग नाम सोध्दैथिए कि उनले नै भनिदिइन् ‘अनुप कुमार’ ।

अब अनुपको वरिपरि संसारै घुम्न लाग्यो र उनले ती महिलालाई राम्ररी हेरे । अहिलेसम्म कतिपटक त्यस कोठामा आउादा उनले तिनलाई देखेकै थिएनन् कि जस्तो लाग्छ । आठ दसजना काम गरिरहने कोठाको त्यस व्यस्त वातावरणमा आफ्नो काम पर्ने कर्मचारीको अगाडि उभिने र आवश्यक नियमितता पूरा गरिसकेपछि अर्कोपटक आउने दिन सोधेर हिड्ने बानी परेका अनुपलाई त्यहाा बसेका अरु मानिसको अनुहार हेर्ने फुर्सद थिएन । आज पहिलोपटक कसैले बस्न भनेको र त्यहाा बसेर वरिपरि नजर घुमाउादै काम गरिरहेका कर्मचारीलाई हेर्न भ्याएको समयमा ती शालीन महिलाले आफ्नो नामसमेत भनिदिएकीले अनुप धेरैबेर घोरिए र उनलाई नै हेरिरहे । उनी सुन्दर थिइन् र उनको अनुहारमा एक किसिमको आकर्षण थियो । अनुपले धेरैबेर हेर्दा पनि उनी आफ्नो काममा नै व्यस्त रहिन् र दृष्टि उठाइनन् । तर, उनको काम छिटो होस् भन्ने आसयले पटकपटक ती कर्मचारीतिर दृष्टि दिएको हिसाबले अनुपको कामप्रति उनले रुचि लिएको स्पष्ट थियो । यत्तिकैमा कागज भेटियो र ती कर्मचारीले अनुपलाई बोलाए । उनी उठेर उता गए पनि ती महिलातिर दृष्टि दिएकै थिए तर आफूले सही गरेर बुझ्नुपर्ने कागज लिनपट्टि उनी लागेको बेलामा ती महिला उठेर बाहिर गएको देखे । त्यसैले आफ्नो काम सकिएर कागज बुझ्दा उनलाई खुसी लागेन । उनले कागज लिएपछि धन्यवाद प्रकट गर्दै तिनीसाग बोल्न पाउने क्षणको प्रतीक्षा गर्दागर्दै ती महिला बाहिर गएकीले उनी निरास भए र त्यो कागज खल्तीमा राख्दै उनी बाहिर निस्के । तर, बाहिर ती महिला उभिइरहेकी थिइन् । अब अनुपको खुसीको सीमा रहेन र ‘धन्यवाद’ भन्दै हृदयदेखि नै प्रसन्नता प्रकट गरेर उनले ती महिलालाई हेरे । उनले पनि मुस्कुराउन खोज्दै अनुपलाई राम्ररी हेरिन् र बिदाइका हात जोडिन् । अब त्यहााबाट हिड्ने मन नभए पनि बसिरहने काम थिएन र अनुपलाई हिड्नैपर्‍यो ।

त्यस बैंकमा कतिपटक उनी आइसकेका थिए र त्यो काम छिटो भएन भनेर कतिपटक त सम्बन्धित मानिससाग उनी रिसाएका पनि थिए तर आज काम सम्पन्न भएर उनलाई त्यहााबाट हिड्नै मन लागेन र ‘अब त्यहाा आउने काम छैन’ भन्ने निरास भावनाले चिन्तित हुादै उनी बाटो लागे । तर, बाटोमा उनलाई रमाइलै लाग्यो । ‘के भयो ? त्यति सानो काम सम्पन्न हुादैमा आफ्नो जीवनमा रमाइलो थपियो र ?’ भन्दै आफूसाग नै प्रश्न गर्दै उनले आफ्नो जीवनका बितेका क्षणहरु सम्झन थाले ।

अनुप कुमारको जीवनमा सधैं निरसिला क्षण थिएनन् । उनको वाल्यकाल रमाइलैसाग बितेको हो । गाउाको स्कुलमा अध्ययन गर्दै राम्रो प्रगति गरेका र सबै साथीभाइसाग मिलनसार भएर सबैको स्नेह पाउादै गरेका अनुप अरु साथीहरुजस्तै रसिला क्षणहरुमा रमाउन र उज्ज्वल भविष्यको कल्पना गर्न पछि पर्दैनथे । यस्तै रसिला क्षणमध्ये यौटा तीजको घटना उनले अहिलेसम्म बिर्सेका छैनन् ।

तीजको दिन थियो, गाउाको मध्यभागमा खुला ठाउामा रातै र पहेंलै सिगारिएका महिलाहरुको भीड थियो । ती महिलाहरु विभिन्न समूहमा बाांडिएर तीजका रमाइला गीत गाउने र नाच्ने गरेकाले वातावरण निकै रसिलो भएको थियो । त्यो रमाइलो हेर्न पुरुषहरु पनि भीड लागेका थिए भने साना केटाकेटीहरु झन् बढी रमाउादै यता र उता दौडिरहेका थिए । अर्कोतिर पिङ खेल्ने व्यवस्था गरिएको थियो । त्यहाा एक जोडी दिदीहरु मच्चिएर पिङ खेलेको दृश्य देख्दा अनुपलाई धेरै रमाइलो लाग्यो । धेरैबेर खेलेर थाकेपछि तिनीहरु झरे र अर्को यौटा पुरुष र महिलाको युगल जोडी मच्चिएर पिङ खेल्न थाल्यो । ती दुईजना पिङ खेलेको देखेपछि सबैले ताली बजाए र 'क्या मिलेको जोडी !' भनेर प्रशंसा पनि गरे । अनुपको उमेरका केटाहरु पनि त्यहाा पिङ खेल्दै थिए तर उनलाई पिङ खेल्न डर लाग्थ्यो । आफूलाई त्यसरी डर लाग्ने र त्यो मिलेको जोडी मच्चिएर पिङ खेलेको कुरामा उनलाई कताकता मनोवैज्ञानिक सम्बन्ध भएजस्तो लाग्यो र उनी खिन्न भए । यस्तै कुराहरुमा उनी भित्रभित्रै चिन्तित हुन्थे तर आफू जुन कुरामा पनि अघि बढेर साहस देखाउने काम गर्न धेरै डराउाथे । यसरी अरु कुरामा पछि परे पनि पढाइमा उनी अघि नै थिए र यथासमयमा एसएलसी पास गरेर उच्चशिक्षा हासिल गर्न उनी काठमाडौं गए ।

काठमाडौंबाट छुट्टीमा घर आएको बेलामा अनुपको विवाहको कुरा उठ्यो । उपयुक्त ठाउाबाट पढेकी र सुन्दर कन्याको प्रस्ताव आएकाले घरबाट सबैले स्वीकार गरिसकेका हुाादा अनुपको स्वीकृतिको लागि कन्या हेर्न जाने कुरा भयो । उनलाई कताकता भित्रैदेखि रमाइलो अनुभव भयो र ती कन्यासाग विवाह भए हुन्थ्यो भन्ने भावना जाग्नुको साथै आफूलाई तिनले मन पराउने होइनन् कि भनेर डर लाग्न थाल्यो । त्यसैले उनले आफू त्यहाा जाने साहस गरेनन् र केटी नहेरेर नै विवाहको स्वीकृति दिए । तर, केही दिनमा नै उताबाट अर्कै ठाउामा केटीको विवाह हुने खबर आयो । समयमा नै यताबाट सकारात्मक खबर नगएकोले अर्को ठाउामा कुरा छिनियो भन्ने आधिकारिक सूचना आए पनि केटीले अर्कै केटालाई मन पराएकीले यस्तो भएको हो भन्ने कुरा चर्चामा अयो, जुन कुराले अनुपको हृदय छियाछिया भयो । त्यसपछि उनी घरमा धेरै कम आए र विवाहको कुनै पनि प्रस्तावमा उनले सकारात्मक जवाफ दिएनन् । यसरी उनी जवानीको उत्तरार्द्धमा लाग्दा पनि विवाह गर्न मन्जुर नहुादा उनीसमक्ष त्यससम्बन्धी प्रस्ताव आउन छाडे ।

अनुपको त्यस रुखोसुखो जीवनमा दाम्पत्य सुख नआए पनि शिक्षा र कार्यक्षेत्रमा राम्रो प्रगति भइरहेको थियो । उनी व्यवस्थापन विषयमा उच्चशिक्षा प्राप्त विद्वान् हुादा निकै ठूलो कम्पनीमा मुख्य प्रबन्धकको पदमा पुगिसकेका थिए । उनको त्यस कार्यालयमा सहायकको रुपमा एकजना सुन्दर युवतीलाई भर्ना गरिएको थियो र काममा निपुण हुादाहुादै पनि हाकिमलाई बढी रिझाउन खोज्ने र उनीसित विशेष नजिकिन खोज्ने ती युवतीको विशेष सक्रियतालाई अनुप सूक्ष्मरुपले विश्लेषण गर्दै थिए । यत्तिकैमा एक दिन ती सुन्दरीले उनलाई आफ्नो जन्मदिनको पार्टीमा घरमा निमन्त्रणा गरिन् । आफ्नी सहायकको त्यस्तो खुसीको अवसरमा नजाने कुरै थिएन र उनी त्यस दिन बेलुकी ती युवतीको घरमा पुगे । तर, अचम्मको कुरा पार्टी हुने घरमा सुनसान थियो । दुई दिनपहिले मात्र उनलाई देखाइएको घर त्यही भएकाले उनले ढोकाको घन्टी बजाए ।

कसैले भित्रबाट ढोका खोलेन तर भित्रबाट बन्द नहुादा अनुप ढोका खोलेर भित्र गए । भित्र पनि सुनसान हुादा उनले आधा खुलेको यौटा कोठामा बाहिरैबाट हेर्दा उनी झन् विस्मित भए ।
राम्रोसाग सजाइएको पलङमा दुलहीजस्तै सिागारिएकी ती युवती सुतेकी थिइन् । ढोका खुला रहेको त्यस कोठामा उनी यति निश्चिन्त भएर सुतेकी थिइन् कि उनका लुगाको लथालिंग स्थितिले खुट्टा निर्वस्त्र देखिएका थिए भने लगाएको चोली फुस्केर उन्नत वक्षले जवानीको रसिलोपनलाई इंगित गरिरहेको कुरा स्पष्ट देखिन्थ्यो । तर, त्यो कसरी सम्भव भयो ? तलको लुगा माथि सर्ने सम्भावना भए पनि निदाएको अवस्थामा त्यसरी छाती खुला कसरी हुन सक्यो ? सुनसान घरमा एकातिर ढोका खुला रहनु र अर्कोतिर त्यसरी जवानी पस्केर निदाएको बहाना गर्नुमा आफ्नी चतुर सहायकको ठूलो चलाखी हुन सक्ने आशंकाले भयभीत हुादै उनको त्यस जवानी र नग्नशरीरले निम्त्याउन खोजेको आफ्नो पुरुषत्वमा केही असर पर्न नदिएर उनी त्यो ढोका नखोलेर सरासर बाहिर निस्कन लागे । तर, अचानक कसैका कोमल हातले बलियोसाग उनलाई समाते । अब परिस्थिति पूर्णरुपले बुझ्केकाले जबर्जस्ती हात छुटाएर अनुप झटपट ढोकाबाहिर उभिन पुगे । ती युवती अनुनय विनय गर्दै थिइन्- ‘सर, मलाई स्वीकार्नोस्, यो मेरोमात्र होइन, हजुरका सबै शुभचिन्तकहरुको विचार हो । ’
गेटबाट बाहिर निस्केपछि अनुप आफूलाई चोरजस्तै अनुभव गरेर दायााबायाा सतर्कतासाथ नजर दौडाउादै अघि बढिरहे र यौटा ट्याक्सीमा चढेपछि सन्तोषको सास लिादै घरतिर लागे । घरमा आएपछि फुर्सदमा उनले ती आफ्नी सहायकको निर्वस्त्र हुन खोजेको शरीर सम्झन थाले र त्यस्तो दृश्य सम्झादा पनि आफूमा कुनै रसिलो भावना जाग्न नसकेको हुादा उनी पहिलेजस्तै खिन्न भएर बसिरहे । सानै उमेरमा आफ्नो विवाहको कुरा चल्दा उनलाई भित्रैदेखि रसिलो भावना जागेजस्तो अरु बेलामा कहिल्यै नभए पनि सुन्दर महिलाहरु र कहिलेकाहीं तिनका शरीरको विशेष अंगको सुन्दरतामा उनी आकर्षित हुने गरेका हुन्, तर पनि विवाहका विभिन्न प्रस्ताव आउादा र केटीहरु हेर्दै जाादा उनलाई जवानीले छोएन र मानिसहरुले उनमा केही कमजोरी भएको शंका गर्दा पनि उनले विवाह गर्नेपट्टि रुचि लिएका थिएनन् । तर, ती युवतीले सम्पूर्ण जवानी पस्केर उनको समक्ष राखिदिादा पनि उनको पुरुषमनले त्यस सुन्दरतालाई सम्झन नखोजेकाले अनुप वास्तवमा दुःखित भए र अब नारीहरुको सम्पर्कबाट टाढै रहेर उपयुक्त काम गर्ने भन्ने विचारले अर्को दिन त्यस कम्पनीमा उनले राजीनामा पठाए । त्यसपछि उनी राजनीतिमा सक्रिय भएर लाग्न खोजे । तर, विभिन्न राजनीतिक पार्टीहरुको नीति र सक्रियतामा रुचि लिादै आफूलाई व्यस्त राख्न र देश र जनताको लागि उपयुक्त हुने काम गर्न कोसिस गर्दागर्दै पनि उनले उपयुक्त थलो भेटाउन सकेनन् । मजदुर, किसान, शोषित, पीडित आदि शब्दावलीसहित सम्पूर्ण जनताको लागि प्रजातान्त्रिक हकहित गाास, वास भन्दै लडिरहेको र काम गरिरहेका नेताहरु अवसर पाउनासाथ तिनीहरुको नाममा आफै मोटाउने गरेका दृश्यले अनुपको चित्त दुख्यो । मजदुर, किसान आदिको नाउामा राजनीति गर्नेहरुले देशमा कलकारखाना आदि भएमात्र त्यस्तो वर्गको सिर्जना हुन्छ भन्ने कुरा बुझ्केजस्तो लागेन । जसको हकहित संरक्षण गर्नुपर्ने कुरा उठेको छ, त्यसको लागि काम गर्ने औद्योगिक संरचनातिर सोच्दै नसोचेको स्थिति देखियो । समुच्चा देशको उन्नतिको लागि पनि त्यस्ता औद्योगिक संरचनाहरुको आवश्यकता अनुभव गरेर अनुपले उद्योग सञ्चालन गर्न केही पुाजी लगाउन सक्ने व्यक्तिहरुसाग सम्पर्क गर्न थाले ।
पुाजी लगाउने क्षेत्र हेर्दै जाादा नेपालमा जलस्रोत विकासको प्रशस्त सम्भावना भएकाले जलविद्युत्तिर धेरैको रुचि रहेको कुरा अनुपले अनुभव गरे । तर, केही मात्रामा उत्पादन भएको विद्युत् पनि उद्योगधन्दाको अभावले खपत हुन नसकेको तीतो सत्य अवगत हुादा विद्युत्

उत्पादनको साथै टेक्स्टाइल, मल, कागज आदि उत्पादन गर्ने कलकारखानाको आवश्यकता टड्कारो देखियो । देशको वस्तुस्थिति बुझ्दा एकातिर अनिश्चित भविष्य देखेर आफूलाई पछिको लागि पैसा संकलन गर्न सम्पन्न र सुविधाभोगी वर्ग व्यस्त देखिए भने रकम संकलन भएका वित्तीय संस्थाहरु ऋण प्रवाह गर्ने उपयुक्त संस्था नभेटाएर डुब्ने स्थितिमा पुगेका देखिए । यसरी देशमा निष्क्रिय पुजी जम्मा भइरहनु र जनताले रोजगारी पाउने र देश विकासको मेरुदण्डको रुपमा रहने उद्योगधन्दा खुल्न नसक्नुले जनतामा नैराश्यता बढ्दै गएको सम्पूर्ण स्थिति बुझेर अनुप औद्योगिक क्षेत्रमा केही गर्न सकिन्छ कि भनेर अग्रसर भए । यसै काममा अघि बढेर केही पुजी लगाउन सक्ने मानिसहरुको सहयोग लिदै कार्यक्षेत्रमा प्रवेश गर्दा यौटा सानो कार्यको लागि बैंकबाट औद्योगिक ऋण लिन कोसिस गरेर उनी यस क्षेत्रमा पहिलो अनुभव हासिल गर्दै थिए । त्यसरी आफूले ठूलो लक्ष्य लिएर अघि बढेका हुादा यो सानो काम उनले गर्न नसकेमा पुजी लगानी गर्ने साथीहरुको विश्वास जित्न कठिन हुने भएकाले यस कामलाई उनले चुनौतीको रुपमा लिएका थिए । त्यसैले त्यो ऋण स्वीकृति पत्र हात पर्नु नै उनको लागि ठूलो कुरा थियो । तर, उनलाई त्यस्तो सोचाइले मात्र चित्त बुझेन किनकि उनको मनभित्र अति नै सूक्ष्मरुपले मीठो र रसिलो भावना प्रवेश गरेको थियो । यसरी खडेरीग्रस्त जर्जर भूमिमा पानीको वर्षा भएजस्तै गरी अनुपको मन असाध्य रमाउन थाल्यो ।

'अनुप, अब विवहको विचार गर्ने होइन ?' सन्तोष भन्ने एकजना साथीले अचानक प्रश्न गरे । पहिले पहिले यस्ता प्रश्न उनलाई कर्कश लाग्दथे तर आज यो प्रश्न अति मीठो लाग्यो र उनले उल्टै प्रश्न गरे– 'यस उमेरमा ?'

'तिम्रो उमेर कति नै भएको छ र ? चालीस नपुग्दासम्म मानिस युवा नै रहन्छ' भन्दै सन्तोषले कुरा अघि बढाउन खोजे ।

'हो, तर मैल बल्ल उपयुक्त काम भेटाएको छु र देशको लागि केही गर्न सकिन्छ कि भन्ने आशा जागेको छ' भन्दै अनुपले आफ्नो व्यस्तता दर्शाए । तर, मनभित्र कताकता सन्तोषकै कुराले मीठो भावना जगाएको थियो ।

'रसिलो जीवनमा झन् बढी रचनात्मक काम गर्ने जाागर चल्छ भन्ने कुरा विहे गरेपछि मात्र थाहा पाउनेछौ' भन्दै सन्तोष बहस गर्न तम्सिए ।

'तर यति धेरै साथीहरु मेरो सक्रियतामा काम गर्न संयुक्त भएका छन्, मैले पनि पारिवारिक झन्झट बेसाउने हो भने काम कसरी सुचारु रुपले चल्न सक्ला र ?' भित्री मनले सन्तोषको विचारमा पूर्ण सहमत हुादाहुादै पनि अनुपले झट्टै विवाहको कुरा चलाउन असमर्थता देखाए ।

'छाड यी सबै कुरा, म भोलि नै तिमीलाई केटी देखाउन लैजान्छु' सन्तोषले अचम्मसाग कुरा टुंग्याउन खोजे

'त्यसरी निर्णय नै गरिहाल्नुभन्दा पहिले मैले कसैसाग सल्लाह गर्नुपर्ने हुन्छ!' अनुपले अचानक सकारात्मक जवाफ दिए । तर, उनले कोसाग सल्लाह गर्नुपर्ने हो, आफैलाई थाहा छैन । मनभित्र कताकता एकपटक बैंकतिर नै जाने आसय लुकेको आभास हुन्छ र उनलाई झन् रमाइलो अनुभव हुन्छ ।

अर्को दिन उनी दसै बजे त्यस बैंकको गेटमा पुग्छन् जहााबाट केही दिन पहिले मनमित्र मीठो भावना राखेर फर्केका थिए । उनलाई त्यहाा जाने के बहाना भेटाउा भन्ने सोचाई भइरहेको बेलामा सन्तोषको प्रस्ताव अमूल्य अस्त्र सावित भएको थियो । तर, तिनलाई भेटेर के भन्ने र कसरी सल्लाह लिने भन्ने कुरामा केही पनि नसोचेर हिाडेका हुादा त्यहाा पुग्दा उनी चिन्तित हुन थाले, तर, जेहोस् उनले एक पटक त्यस कोठामा जाने हिम्मत गरे ।

कोठा उस्तै थियो, मानिसहरु त्यसैगरी, काम गरिरहेका थिए तर, उनी आफ्नो टेबुलमा थिइनन् । त्यस टेबुलमा पुगेर दायााबायाा दृष्टि दौडाउनेबित्तिकै पहिले अनुपको काम गरिदिने कर्मचारीले प्रश्नसूचक दृष्टिले उनलाई हेरे । उनले पनि केही भन्नु नै थियो, त्यसैले ती महिलाको सिटतर्फ इंगित गर्दै सोधिहाले- 'उहाा हुनुहुन्न ?'

'ए, उहाा त आज आउनुभएको छैन !' भन्दै उनले अनुपको मनमा निराशाको पहाड तेर्स्याइदिए । 'उनीसाग कसरी कुरा सुरु गर्ने ?' भन्ने प्रश्नले पिरोल्लिादै गएका मानिसलाई त्यसको सट्टा 'अब के गर्ने ?' भन्ने प्रश्नले सताउन थाल्यो र हिम्मत गरेर उनले तिनै कर्मचारीसाग उनको घरको ठेगाना मागे । उनको नाम र ठेगाना राम्ररी टिपेपछि अनुपको मन शीतल भयो र पुनः अत्यन्त खुसी भएर उनी त्यहााबाट हिाडे ।

'प्रतिभा ! कति राम्रो नाम !' उनलाई पहिले नाम नै अति मन पर्‍यो र आफ्ना खुट्टा त्यतैतिर बढाए, जहाा पुग्दा उनको मन सबभन्दा बढी रमाउने थियो । भनिएको घरमा पुग्दा छतबाट उनलाई कसैले प्रतीक्षा गरेजस्तो देखिन्थ्यो र त्यो अनुहारमात्र होइन, तिनको पूरै शरीर अनुपले वर्षौंपहिलेदेखि चिनेजस्तो प्रतीत भयो । प्रतिभा यति सहजतासाग हासिलो अनुहार लिएर उनलाई भेट्न आइन् कि उनले अब के भन्ने र कसरी सल्लाह माग्ने भन्ने कुरा नै बिर्सिए । वर्षौंदेखि विछोड भएका दुई प्रेमी भेट भएका हुन् कि भन्नेजस्तो वातावरण त्यहाा सिर्जित भयो । ती दुईले एकअर्कालाई धेरैबेर हेरिरहे र प्रतिभाले इसारा गरेअनुसारको कोठामा उनीहरु प्रवेश गरे । चिरप्रतीक्षित अतिथिलाई बस्न लगाएर प्रतिभाले भनिन्- 'म चिया बनाउाछु ।'

'पर्दैन, किन दुःख गर्ने ?' अनुपले आत्तिएजस्तो गरेर भने, तर मनमा 'घरमा को को होलान् ? किन सुनसानजस्तो छ ?' भन्ने प्रश्नहरु तेर्सिएका थिए ।

'के दुःख भयो र ? एक कप चिया त खाऔं न !' भन्दै उनले मायालु शैलीमा प्रस्ताव राखिन् । त्यसमा विरोध गर्नुपर्ने कारण थिएन र प्रतिभा अर्को कोठामा गएकीले अनुपलाई केही कुरा सोच्ने समय मिल्यो । तर, उनको सोचाइमा झन्पछि झन् वर्षौंदेखि चिनेजस्तो प्रतिभाको अनुहारमात्र बसिरह्यो र मनभित्रको मीठो भावनासहित उनी अति नै प्रफुल्लित भए ।

चियाको चुस्की लगाउादै 'के भनेर कुरा सुरु गर्ने ? भन्ने मनमा ल्याएर अनुप अल्मलिएका थिए भने उनी त्यसैगरी दृष्टि झुकाएर बसेकी थिइन् जसरी बैंकमा अनुपको काम गर्न अर्का कर्मचारीलाई अराएपछि आफू काममा व्यस्त हुादै बसेकी थिइन् । तर, अहिलेको सौहार्दपूर्ण वातावरणमा अनुपलाई कुरा गर्न सजिलो थियो, त्यसैले उनले आफ्नो कुरा भन्न थाले- 'म तपाईंसाग व्यक्तिगत कुरामा सल्लाह माग्न आएको हुा ।' भन्न त उनले सजिलैसाग त्यति भने तर कुरा गर्ने विषयवस्तु त्यति सहज थिएन । पहिलो कुरा भर्खर राम्ररी परिचय गरेकी मानिससाग त्यस्तो सल्लाह माग्नु उपयुक्त थिएन भने अर्को कुरा अरू केटीसाग विवाह गर्नेबारे उनीसाग सल्लाह माग्ने अनुपको भित्री इच्छा नै थिएन । उनी तिनलाई भेट्ने यौटा बाटो भेटाएर मात्र आएका हुन् । त्यसैले 'अब के कुरा गर्ने ?' भनेर उनले सोच्दै थिए भने प्रतिभाले झट्ट जवाफ दिइन्- 'सन्तोषजीको प्रस्ताव मलाई उपयुक्त लागेको छैन, सरलाई अलि कम उमेरकी केटी नै ठीक हुन्छ ।'

'सर, यता बसौं' भनेर बैंकमा जसरी अनुपको शुष्क हृदयमा शीतलता प्रवेश गराइएको थियो, त्यसैको पराकाष्ठा थियो- 'सरलाई कम उमेरकी केटी नै ठीक हुन्छ' भन्ने वाक्य, अर्थात् अनुप नाम गरिएको 'सर' को बारेमा कसैले सोच्न थालेको छ भन्ने कुरा अवगत हुादा उनलाई संसार नै जितेजस्तो लाग्यो र प्रतिभालाई जवाफ दिए- 'ठीक छ, त्यसो भए म त्यस कुरामा स्वीकृति दिन्न ।'

चिया सिद्धिएको थियो र कुरा पनि सिद्धियो । उनीसाग घनिष्टता बढाउन पाएको मात्र होइन, उनले भनेको कुरामा सुरुमा नै सहमत भएर अनुप आफू पूर्ण सफल भएको अनुभव गरिरहेका थिए र अब भविष्यमा पनि भेट्न सकिने आशासहित उनी त्यहााबाट हिड्न तम्सिए भने उनको जवाफले प्रतिभामा अर्कै असर पर्‍यो र दृष्टि झुकाएरै बसिरहिन् ।
‘अहिले म जाउा त ?’ भन्दै हिड्न अनुमति मागेर उठेका अनुपलाई बल्लतल्ल हेर्दै प्रतिभा पनि उठिन् र बिदाइका हात जोडिन् । तर, हिड्दाहिड्दै प्रतिभाको अनुहारमा उदासीका रेखाहरु दौडिरहेका र आाखा भरिनै लागेको कुरा अनुपले अनुभव गरे । त्यसैले गेटबाट बाहिर नपुग्दै उनले राम्ररी सोच्न थाले ।
हो, त्यति बेलासम्म अनुपले राम्ररी सोचेकै रहेनछन् । सन्तोषको प्रस्तावको बारेमा प्रतिभालाई कसरी थाहा भयो भन्ने प्रश्नले बल्ल उनको मथिंगल खलबलियो र उनी टक्क रोकिए । अब पहिलो दिन बैंकमा उनको नाम र नम्बर बताउनुदेखि लिएर अहिले हिड्ने बेलामा प्रतिभाको अनुहारमा देखिएको उदासीपनसम्मका सबै क्रियाकलापहरुको अनुपलाई राम्ररी अर्थ खुल्न लाग्यो र अहिले मात्र उनी वास्तविक रुपले खुसी भए । त्यसपछि उनी तुरुन्तै त्यसै कोठामा फर्के, जहाा उनीहरु केही छिनपहिले मात्र बसिरहेका थिए । प्रतिभा त्यहीं थिइन् तर उनी भुइामा बसेर सोफामा टाउको अड्याएर रोइरहेकी थिइन् । अनुप त्यही छेउमा बसे र स्नेहपूर्वक उनको अनुहार आफूतिर फर्काउादै उनका आासु पुछिदिन थाले । एकछिनको अन्तरालमा उनले भने- ‘प्रतिभा, म अघि भनेको कुरा सच्याउन चाहन्छु ।’
‘कुन कुरा ?’ प्रतिभाले नबुझ्नेजस्तो गरेर प्रश्न गरिन् ।
‘म सन्तोषको प्रस्ताव स्वीकार गर्छु’ अनुपले पहिलोपटक उनका आाखामा आफ्ना आाखा अड्याउादै रमाइलोसाग भने ।
‘किन ?’ उनले पुनः छोटो प्रश्न गरिन् ।
‘किनकि त्यस प्रस्तावमा वर्षौंदेखि मेरो मनमा लुकेको मानिस छ र त्यो मानिस तिमी हौ!’ अनुपले एकैपटक खुसीको वर्षा गराइदिए, प्रतिभा उनको काखमा घोप्टिएर रुन थालिन् ।
धेरैबेरपछि प्रतिभाले टाउको उठाइन् र प्रश्न गरिन्- ‘मेरोबारेमा तिमीलाई के थाहा छ र ?’ उनले तिमी भनेर सम्बोधन गरेको कुराले अनुपलाई जमिनबाट आकाशमा पुर्‍याइदियो किनकि त्यस शब्दको माध्यमबाट उनले अनुपलाई स्वीकारिन् भन्ने स्पष्ट भएको थियो । त्यसैले अरु कुरामा उनलाई वास्ता भएन र भनिहाले ‘तिमी भए पुगिहाल्यो, तिम्रो बारेका अरु कुरा मलाई किन चाहिए ?’
‘मेरो जीवनभरिको तपस्याको बारेमा तिमीले नसुनिदिने ?’ उनी स्नेहपूर्वक हठ गर्न थालिन् । अनुपले सास रोकेर उनका कुराहरु सुन्न थाले ।
प्रतिभालाई सानै उमेरमा अनुपसाग विवाह गरिदिने कुरा भएको थियो । तर, अचानक धेरै धनी परिवारका विदेशमा बस्ने व्यक्तिले मन पराएर विवाह गर्ने प्रस्ताव पठाएकाले घर परिवारबाट त्यो प्रस्ताव स्वीकार गरी केटीले नै मन पराएको कुरा फैलाएर अनुपको घर परिवारमा खबर पठाइयो । आफूलाई थाहा नै नभएको कुरामा उल्टो मन पराएको भनिएकाले सानो उमेरमा नै उनको हृदयमा चोट लाग्यो र उनले अनुप कुमार भन्ने व्यक्तिको बारेमा सोच्न थालिन् । पारिवारिक योजनाअनुसार जबर्जस्ती विवाह भयो र उनलाई विदेश लगियो । तर, उनका पतिसाग उनी कहिल्यै खुसी रहिनन् र दुवैको सहमतिमा सम्बन्ध विच्छेद गरेर उनी नेपाल फर्किइन् । नेपाल आएपछि मात्र उनले खुला आकाशमुनि स्वतन्त्रतापूर्वक सास फेर्न सकिन् । यसरी स्वतन्त्र जीवन व्यतीत गर्दै जाादा अनुपको जीवनगाथासमेत सुन्न पाएकीले त्यतातिर रुचि बढ्नु स्वाभाविकै थियो र त्यस बैंकमा काम गर्दै जाादा एक दिन अनुपलाई देखेकी हुादा

उनको काम पर्ने शाखामा आफ्नो सरुवा गराएर त्यस दिनको उग्र प्रतीक्षामा उनी रहेकी थिइन् ।

ढुंगा खोज्दा देउता मिलेको जस्तै अनुपको मन खुसीले गदगद भयो । सानो उमेरमा विवाहको कुरा चल्दा जुन भित्री खुसीले उनको मन मस्तिष्क भरिएको थियो, उनी त्यसैको खोजीमा रहेछन् र बैंकमा उनको मस्तिष्कले त्यही कुरा अनुभव गर्न सकेकोले उनमा परिवर्तन आएको सम्पूर्ण कुरा प्रतिभालाई बताएपछि उनले आफूहरु दुवैजना मिलेर देशको औद्योगिक क्षेत्रमा सक्रिय भएर काम गर्नेसमेत प्रस्ताव राखे । अनुपको विचारसमेत प्रतिभालाई अति मन पर्‍यो र उनले विषय टुंग्याउन खोज्दै भनिन्- 'बुबाआमालाई बोलाउ ?'

प्रतिभाको परिवारमा त्यतिबेलादेखि अनुपलाई अस्वीकार गरेको पीडाबोध र पश्चात्तापको भावना उनीसमक्ष प्रकट गरियो र पुरानै सम्बन्ध कायम हुन सकेकोमा सबैजना अति प्रसन्न भएको बेलमा सन्तोष आइपुगे । अनुपले निर्णय नदिएर कतै हिाडेको अनुभव गरी निरास मनस्थितिमा आउादा त्यहाा त्यस्तो वातावरण देखेपछि उनी अत्यन्त खुसी भए र 'अनुप-प्रतिभा' को मिलेको जोडीलाई अग्रीम बधाई दिए । अनुपले स्नेहपूर्वक भने- 'सन्तोष, मलाई पनि विश्वास भयो– रसिलो जीवनमा रचनात्मक काम बढी गर्न सकिन्छ ।'